नेपाल सरकार
बन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग
चितवन राष्ट्रिय निकुन्ज कार्यालय, कसराबाट

**"गैंडा स्थानान्तरण कार्यक्रम २०७३" सम्बन्धमा जारी गरिएको प्रेस बिज्ञप्ति**

१. नेपाल सरकार, बन तथा भू-संरक्षण मन्त्रालय (सचिवस्तर) को मिति २०७१ पौष ३० गतेको निर्णयानुसार चितवन राष्ट्रिय निकुन्जबाट शुक्लाफाँटा राष्ट्रिय निकुन्ज र बर्दिया राष्ट्रिय निकुन्जमा गैंडा स्थानान्तरणको कार्य मिति २०७३ चैत्र २१ देखि शुरु गरिएको छ।

२. यस कार्यको लागि ३० वटा हात्ती र हत्तिसारका कर्मचारी, वन्यजन्तु प्राविधिक, पशु चिकित्सक, सुरक्षाकर्मी र सहयोगी कामदार गरि १५० जना भन्दा बढी जनशक्ति परिचालित भएका छन्। त्यसै गरी गैंडालाई नियन्त्रण गर्न डार्ट गर्ने कार्यको लागि आवश्यक औषधि तथा उपकरणहरु, ३ वटा काठको खोर, २ वटा स्लेज, १ वटा एस्काभेटर, १ वटा ट्रेक्टर र गैंडा लैजानको लागि ३ वटा ट्रकको व्यवस्था गरिएको छ।

३. एक सिंगे गैंडा (*Rhinoceros unicornis*) नेपाल र भारतका निश्चित संरक्षित क्षेत्रमा मात्र पाईन्छ। निश्चित स्थान र थोरै संख्यामा मात्र पाईने प्रजातिको वंश संरक्षण गर्न, थोरै संख्यामा रहेका प्रजातिको जीवन धान्न सक्ने संख्या (Viable Population) कायम गर्न तथा एक स्थानमा कुनै पनि महामारी रोग वा प्राकृतिक प्रकोपबाट प्रजातिलाई बचाउनको लागि उपयुक्त वासस्थानमा स्थानान्तरण गरि संरक्षण र व्यवस्थापन आवश्यक हुन्छ।

४. नेपालले आफ्नै ज्ञान र सिपबाट सन् १९८६ देखि नै चितवन राष्ट्रिय निकुन्जमा मात्रै पाईने एक सिंगे गैंडालाई दीर्घकालीन रुपमा संरक्षण गर्न गैंडा स्थानान्तरणको कार्य गर्दै आएको छ। सन् १९८६ देखि २०१५ सम्म बर्दिया राष्ट्रिय निकुन्जमा ४० वटा भाले र ४८ वटा पोथी गरि ८८ वटा र शुक्लाफाँटा राष्ट्रिय निकुन्जमा १ भाले र ३ वटा पोथी गरि ४ वटा गैंडा स्थानान्तरण गरि सकिएको छ।

५. "गैंडा स्थानान्तरण कार्यक्रम-२०७३" अन्तरगत २०७३ चैत्र २२ गते सम्म १ वटा पोथी र १ वटा भाले गरि २ वटा शुक्लाफाँटा राष्ट्रिय निकुन्जमा र १ वटा भाले गैंडा बर्दिया राष्ट्रिय निकुन्जमा स्थानान्तरण गरिएको छ।

६. त्यस्तै चितवन राष्ट्रिय निकुन्जबाट शुक्लाफाँटा राष्ट्रिय निकुन्जमा गैंडा स्थानान्तरण कार्य सकिए लगतै शुक्लाफाँटा राष्ट्रिय निकुन्जबाट २० वटा पोथी र ५ वटा भाले गरि जम्मा २५ वटा बाह्रसिंगा चितवन राष्ट्रिय निकुन्जमा स्थानान्तरण गर्ने कार्य सुरु गरिने छ।

७. सन् २०१५ को राष्ट्रिय गैंडा गणना २०१५ अनुसार नेपालमा चितवन राष्ट्रिय निकुन्जमा ६०५, बर्दिया राष्ट्रिय निकुन्जमा २९, शुक्लाफाँटा राष्ट्रिय निकुन्जमा ८ र पर्सा वन्यजन्तु आरक्षमा ३ गरि ६४५ वटा गैंडा रहेका छन्। त्यस्तै सन् २०१५ को गणना अनुसार शुक्लाफाँटा रास्ट्रिय निकुन्जमा २३०१ वटा र बर्दिया राष्ट्रिय निकुन्जमा १०५ वटा गरी जम्मा २४०६ वटा बाह्रसिंगा रहेका छन्।

रामचन्द्र कंडेल
प्रमुख संरक्षण अधिकृत
चितवन राष्ट्रिय निकुन्ज कार्यालय
मिति: २०७३/१२/२२

Scanned by CamScanner